प्राय: सोधिने प्रश्नहरु –भौगोलिक निर्वाचन क्षेत्र

Q1: कसले दर्ता गर्न सक्छन्?

Q2: मैले किन दर्ता गर्नुपर्छ?

Q3: म कसरी मतदाताको रूपमा दर्ता हुन सक्छु?

Q4: यदि म एक पंजीकृत मतदाता हुँ भने, मेरो दर्ता विवरणहरू परिवर्तन भएको कसरी सुचित गराउन सक्छु, जस्तै दर्ता ठेगाना, नाम, इमेल ठेगाना र सम्पर्क फोन नम्बर?

Q5: के नयाँ मतदाता दर्ता र दर्ता विवरण परिवर्तनको लागि कुनै समय सीमा छ?

Q6: के मैले नयाँ मतदाता दर्ताका लागि आवेदन दिए लगत्तै मतदान गर्न पाउँछु ? / के मैले नयाँ निर्वाचन क्षेत्रमा र दर्ता गरिएको ठेगाना परिवर्तन भएको रिपोर्ट गरे लगत्तै नयाँ मतदान केन्द्रमा मतदान गर्न पाउँछु?

Q7: के मैले नयाँ मतदाता दर्ता गर्दा र विवरणहरूको परिवर्तन रिपोर्ट गर्न फरक आवेदन फारमहरू प्रयोग गर्न आवश्यक छ?

Q8: मैले धेरै वर्ष पहिले आवेदन फारम भरेको छु। के मैले पुनः दर्ता गर्नु पर्छ ?

Q9: यस वर्षको सेप्टेम्बरको अन्त्यमा मात्र म 18 वर्षको हुनेछ तर दर्ता गर्ने अन्तिम मिति भने 2 जून रहेको छ। के मैले अहिले नै आफूलाई मतदाताको रूपमा दर्ता गर्न पाउँछु?

Q10: म निकट भविष्यमा नयाँ फ्ल्याटमा सर्नेछु, के मैले मेरो नयाँ घरको ठेगाना दर्ता तथा निर्वाचन कार्यालयलाई रिपोर्ट गर्नुपर्छ?

Q11: कस्ता प्रकारका कागजातहरु ठेगाना प्रमाणको रुपमा स्वीकार्य छन् ?

Q12: यदि मैले ठेगाना प्रमाणको लागि मेरो नाम र आवसीय ठेगानाको कागजातहरु उपलब्ध गर्न सकिन भने, कस्ता वैकल्पिक कागजातहरु मैले मान्य ठेगाना प्रमाणको रुपमा पेश गर्न सक्छु?

Q13: यदि मेरो नयाँ घर हाउजिङ डिपार्टमेन्ट अन्तर्गतको सार्वजनिक भाडाको आवासको फ्ल्याट हो वा हङकङ हाउसिङ सोसाइटी अन्तर्गत अनुदानित (स्बसिडाईज) आवास हो भने, के मैले नयाँ मतदाता दर्ता वा ठेगाना परिवर्तनको लागि आवेदन गर्दा ठेगाना प्रमाणको आवश्यकताबाट छुट पाउन सक्छु?

Q14: यदि कसैले मतदाता दर्ता गर्दा झूटो जानकारी दिएको मलाई थाहा भएमा, मैले कसरी सरकारी विभागहरुलाई सूचित गर्न सक्छु?

प्र15: यदि कसैले दर्ता तथा निर्वाचन कार्यालयमा झूटो आवासीय ठेगाना दिई मत दिएमा, वा नयाँ मतदाता दर्ता आवेदन दिदाँ वा दर्ता ठेगाना परिर्वतन गर्दा झूटो ठेगानाको कागजातहरु पेश गरेमा,र पछि निर्वाचनको समयमा मतदान गरेमा सो व्यक्तिले कुन कानून उल्लंघन गरेको हुनेछ ?

प्र16: म मेनल्याण्डबाट आएको नयाँ आगन्तुक हुँ। के म आफूलाई मतदाताको रूपमा दर्ता गर्न सक्छु?

Q17: मतदाता नामावलीमा मेरा अभिलेखहरू सही रूपमा लेखिएको छ भनि मैले कसरी थाहा पाउन सक्छु?

Q18: के मेरो व्यक्तिगत जानकारीको सम्भावित दुरुपयोगलाई रोक्न कुनै सुरक्षित उपायहरू अपनाइएका छन्?

Q19: मैले नयाँ मतदाता दर्ता / दर्ता विवरण परिवर्तनको लागि आवेदन पेश गरेको छु । दर्ता तथा निर्वाचन कार्यालयले मेरो आवेदन प्रक्रिया अगाडि बढाएको छ भन्ने बारे मैले कसरी थाहा पाउँनु सक्छु?

प्र20: यदि मसँग मतदाता दर्ता बारे थप जिज्ञासाहरु भएमा, सहयोगको लागि म कुन विभागमा जानुपर्छ?

Q1: कसले दर्ता गर्न सक्छन्?

A1: यदि तपाई 18 वर्ष वा सोभन्दा बढी उमेरको हङकङ स्थायी बासिन्दा हुनुहुन्छ,र सामान्य रुपमा हङकङमा बसोबास गर्नुहुन्छ भने, तपाई भौगोलिक निर्वाचन क्षेत्रमा मतदाताको रूपमा दर्ता हुन योग्य हुनुहुन्छ ।

शीर्षमा फेरी जानुहोस् ।

Q2: मैले किन दर्ता गर्नुपर्छ?

A2: तपाईले आफूलाई मतदाताको रूपमा दर्ता गरेपछि मात्र तपाईले विधान परिषद् र जिल्ला परिषद्का निर्वाचनहरूमा आफ्नो मताधिकार प्रयोग गर्न पाउनु हुनेछ । यी निकायहरूमा आवद्ध हुनका लागि आफ्नो प्रतिनिधि चयन गर्न पाउनु तपाईको अधिकार हो । यदि तपाई निर्वाचन समितिको उपक्षेत्रीय निर्वाचनहरूमा मतदान दिन योग्य भए तापनि, तपाईले सो निर्वाचनमा मतदान गर्नु अघि मतदाताको रूपमा दर्ता गर्नु आवश्यक छ ।

शीर्षमा फेरी जानुहोस् ।

Q3: म कसरी मतदाताको रूपमा दर्ता हुन सक्छु?

A3: यदि तपाई एक पंजीकृत मतदाता हुनुहुन्न र तपाई भौगोलिक निर्वाचन क्षेत्रमा दर्ता हुन चाहानुहुन्छ भने, तपाईले आवेदन फारम "भौगोलिक निर्वाचन क्षेत्रमा मतदाता द्वारा विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ता आवेदन” " (REO-GC) को लागि जानकारी गराउने आवेदन पूरा गर्नु पर्दछ ।

बुँदाहरु: नयाँ मतदाता दर्ताको लागि आवेदनहरू गर्दा ठेगाना प्रमाण आवश्यक पर्दछ। मान्य ठेगाना प्रमाणको प्रकारहरुका लागि तपाईले A11 देखि A13 लाई सन्दर्भ लिन सक्नुहुन्छ ।

तपाईले निम्न तरिकाहरु द्वारा "भौगोलिक निर्वाचन क्षेत्रमा मतदाता द्वारा विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ता आवेदन" (REO-GC) प्राप्त गर्न सक्नुहुनेछ-

- यस वेबसाइटबाट डाउनलोड गरी ;
- 2891 1001 हटलाइनमा कल गरी फ्याक्स द्वारा; र
- जिल्ला कार्यालयहरू, सार्वजनिक आवास एस्टेटहरूको व्यवस्थापन कार्यालयहरू र दर्ता तथा निर्वाचन कार्यालयमा ।

दर्ता तथा निर्वाचन कार्यालयको ठेगाना:

8/F Treasury Building
3 Tonkin Street West
Cheung Sha Wan
Kowloon

29/F, Standard Chartered Tower
Millennium City 1
388 Kwun Tong Road
Kwun Tong
Kowloon

आवेदन फारम भरेर हस्ताक्षर गरिसकेपछि, विगत तीन महिनाभित्र जारी गरिएको ठेगाना प्रमाण सहित, फाराम देहाय बमोजिमको माध्यम मार्फत दर्ता तथा निर्वाचन कार्यालयमा पेश गर्न सकिनेछ–

- "iAM Smart" मोबाइल एप मार्फत (यदि तपाईसँग "iAM Smart+" एकाउन्ट डिजिटल साइनिंग प्रक्रिया वा एक वैध व्यक्तिगत डिजिटल प्रमाणपत्र छ भने) (प्रयोगकर्ता म्यानुअलको लागि यहाँ क्लिक

गर्नुहोस्)

- अनलाइन आवेदन मार्फत (यदि तपाईसँग "iAM Smart+" एकाउन्ट डिजिटल साइनिंग प्रक्रिया वा एक वैध व्यक्तिगत डिजिटल प्रमाणपत्र छ भने)
- form@reo.gov.hk मा ईमेल द्वारा
- ई-फर्म अपलोड प्लेटफर्म मार्फत
- हुलाक मार्फत दर्ता तथा निर्वाचन कार्यालय, 29/F, Standard Chartered Tower, Millennium City 1, 388 Kwun Tong Road, Kwun Tong, Kowloon मा पठाउनुहोस्
- फ्याक्स द्वारा 2891 1180 मा पठाउनुहोस् ।

यदि तपाई इलेक्ट्रोनिक माध्यमबाट मतदाता दर्ता आवेदन फारम पेश गर्न चाहनुहुन्छ भने, कृपया "डिजिटल फाइलहरूद्वारा मतदाता दर्ता आवेदन बुझाउने मार्गदर्शन बुँदाहरू" मा ध्यान दिनुहोस् ।

एक कार्यात्मक निर्वाचन क्षेत्र मतदाता र एक निर्वाचन समिति उप-क्षेत्र मतदाताको रूपमा दर्ता गर्न, कृपया यहाँ क्लिक गर्नुहोस् ।

शीर्षमा फेरी जानुहोस् ।

Q4: यदि म एक पंजीकृत मतदाता हुँ भने, मेरो दर्ता विवरणहरू परिवर्तन भएको कसरी सुचित गराउन सक्छु, जस्तै दर्ता ठेगाना, नाम, इमेल ठेगाना र सम्पर्क फोन नम्बर?

A4: यदि तपाई एक पंजीकृत मतदाता हुनुहुन्छ र तपाई दर्ता विवरणहरू परिवर्तन भएको सुचित गराउन चाहनुहुन्छ भने, तपाईले “भौगोलिक निर्वाचन क्षेत्रमा मतदाता द्वारा विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ता आवेदन" (REO-GC) आवेदन फारम पूरा गर्नु पर्दछ ।

बुँदाहरु: दर्ता गरिएको ठेगाना परिवर्तनको लागि आवेदनहरूको साथ ठेगाना प्रमाण समावेश गर्नु पर्दछ । मान्य ठेगाना प्रमाणको प्रकारहरुका लागि तपाईले A11 देखि A13 लाई सन्दर्भ लिन सक्नुहुन्छ ।

तपाईले निम्न तरिकाहरु द्वारा "भौगोलिक निर्वाचन क्षेत्रमा मतदाता द्वारा विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ता आवेदन" (REO-GC) प्राप्त गर्न सक्नुहुनेछ-

- यस वेबसाइटबाट डाउनलोड गरी ;
- 2891 1001 हटलाइनमा कल गरी फ्याक्स द्वारा; र
- जिल्ला कार्यालयहरू, सार्वजनिक आवास एस्टेटहरूको व्यवस्थापन कार्यालयहरू र दर्ता तथा निर्वाचन

कार्यालयमा।

दर्ता तथा निर्वाचन कार्यालयको ठेगाना:

8/F Treasury Building
3 Tonkin Street West
Cheung Sha Wan
Kowloon

29/F, Standard Chartered Tower
Millennium City 1
388 Kwun Tong Road
Kwun Tong
Kowloon

आवेदन फारम भरेर हस्ताक्षर गरिसकेपछि, विगत तीन महिनाभित्र जारी गरिएको ठेगाना प्रमाण सहित, फाराम देहाय बमोजिमको माध्यम मार्फत दर्ता तथा निर्वाचन कार्यालयमा पेश गर्न सकिनेछ–

- "iAM Smart" मोबाइल एप मार्फत (यदि तपाईसँग "iAM Smart+" एकाउन्ट डिजिटल साइनिंग प्रक्रिया वा एक वैध व्यक्तिगत डिजिटल प्रमाणपत्र छ भने) (प्रयोगर्कता म्यानुअलको लागि यहाँ क्लिक गर्नुहोस्)
- अनलाइन आवेदन मार्फत (यदि तपाईसँग "iAM Smart+" एकाउन्ट डिजिटल साइनिंग प्रक्रिया वा एक वैध व्यक्तिगत डिजिटल प्रमाणपत्र छ भने)
- form@reo.gov.hk मा ईमेल द्वारा
- ई-फर्म अपलोड प्लेटफर्म मार्फत
- हुलाक मार्फत दर्ता तथा निर्वाचन कार्यालय, 29/F, Standard Chartered Tower, Millennium City 1, 388 Kwun Tong Road, Kwun Tong, Kowloon मा पठाउनुहोस्।
- फ्याक्स द्वारा 2891 1180 मा पठाउनुहोस्

यदि तपाई इलेक्ट्रोनिक माध्यमबाट मतदाता दर्ता आवेदन फारम पेश गर्न चाहनुहुन्छ भने, कृपया "डिजिटल फाइलहरूद्वारा मतदाता दर्ता आवेदन बुझाउने मार्गदर्शन बुँदाहरू" **मा ध्यान दिनुहोस्**।

साथसाथै, यदि तपाई पंजीकृत मतदाता हुनुहुन्छ र तपाईले दर्ता तथा निर्वाचन कार्यालयसँग संवादका लागि आफ्नो इमेल ठेगाना प्रदान गर्न/ अद्यावधिक गर्न चाहानुहुन्छ र/वा सम्बन्धित निर्वाचन क्षेत्रका

उम्मेदवारहरूबाट चुनावी गतिविधिसँग सम्बन्धित चुनावी पत्र प्राप्त गर्न चाहानुहुन्छ भने, तपाईले "iAM Smart" मोबाइल एप मार्फत आवेदन पेश गर्न सक्नुहुनेछ, **अनलाइन आवेदन** पेश गर्न सक्नुहुनेछ वा reoenq@reo.gov.hk मा इमेल पठाउन सक्नुहुनेछ ।

शीर्षमा फेरी जानुहोस् ।

Q5: के नयाँ मतदाता दर्ता र दर्ता विवरण परिवर्तनको लागि कुनै समय सीमा छ?

A5: योग्य हङकङ स्थायी बासिन्दा / पंजीकृत मतदाताहरूले वर्षको कुनै पनि समयमा "भौगोलिक निर्वाचन क्षेत्रमा मतदाता द्वारा विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ता आवेदन" (REO-GC) (**अनलाइन आवेदनको लागि यहाँ क्लिक गर्नुहोस्**) । तथापि, कुनै निश्चित वर्षमा प्रकाशित हुने मतदाता नामावली संकलन गर्दा यस कार्यालयबाट आफ्नो आवेदन प्रक्रिया गर्न चाहेमा देहाय बमोजिम वर्षको वैधानिक समयावधि भित्र वा सोभन्दा अघि यस कार्यालयमा आवेदन फारम पेश गर्नु पर्ने हुन्छ :

**नयाँ मतदाता दर्ता: 2 जून**

**एक मतदाताद्वारा विवरण परिवर्तनको प्रतिवेदन : 2 जून**

यदि सो आवेदन फारमहरू वैधानिक समयावधि पछि पेश गरिएको छ भने, सम्बन्धित मतदाताहरुको दर्ता विवरणहरू अर्को वर्षमा प्रकाशित हुने मतदाता नामावलीमा मात्र देखाउन सकिनेछ ।

शीर्षमा फेरी जानुहोस् ।

Q6: के मैले नयाँ मतदाता दर्ताका लागि आवेदन दिए लगत्तै मतदान गर्न पाउँछु ? / के मैले नयाँ निर्वाचन क्षेत्रमा र दर्ता गरिएको ठेगाना परिवर्तन भएको रिपोर्ट गरे लगत्तै नयाँ मतदान केन्द्रमा मतदान गर्न पाउँछु?

A6: सम्बन्धित निर्वाचन नियमावली अनुसार, दर्ता तथा निर्वाचन कार्यालयले वर्तमान अन्तिम मतदाता नामावलीमा दर्ता भएको ठेगाना अनुसार निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू तोक्नेछ, जुन वर्षको एक पटक अद्यावधिक गरिन्छ । यदि अर्को अन्तिम नामावली प्रकाशित हुनु भन्दा पहिले त्यहाँ कुनै जिल्ला परिषद् वा विधान परिषद् (हरु) को निर्वाचन भएको छ/छन् भने, दर्ता तथा निर्वाचन कार्यालयले प्रचलित अन्तिम नामावलीमा दर्ता गरिएको ठेगानाहरु अनुसार निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू तोक्नेछ ।

शीर्षमा फेरी जानुहोस् ।

Q7: के मैले नयाँ मतदाता दर्ता गर्दा र विवरणहरूको परिवर्तन रिपोर्ट गर्न फरक आवेदन फारमहरू प्रयोग गर्न आवश्यक छ?

A7: सर्वसाधारणले "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन" दुवैको लागि भौगोलिक निर्वाचन क्षेत्रमा (REO-GC) मतदाताको रूपमा नयाँ दर्ता र उसको/ उनको दर्ता विवरणहरु परिवर्तनको लागि फारम भर्नु पर्दछ (**अनलाइन आवेदनको लागि यहाँ क्लिक गर्नुहोस्** )।

शीर्षमा फेरी जानुहोस् ।

Q8: मैले धेरै वर्ष पहिले आवेदन फारम भरेको छु । के मैले पुनः दर्ता गर्नु पर्छ ?

A8: विद्यमान नामावलीका मतदाताहरुले पुनः दर्ता गर्नु पर्दैन । तपाईले "iAM Smart", मतदाता दर्ता वेबसाइट (**vr.gov.hk**) मार्फत वा दर्ता तर्था निर्वाचन कार्यालयको हटलाइन 2891 1001 मा कल गरेर आफ्नो दर्ता स्थिति र विवरण जाँच गर्न सक्नुहुनेछ ।

दर्ता विवरण गलत भएका मतदाताहरूको हकमा, उनीहरूको दर्ता स्थिति र मतदान गर्ने योग्यता प्रभावित हुन सक्छ । कृपया "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन" (REO-GC) पूरा गरी हस्ताक्षर गर्नुहोस् र विगत तीन महिना भित्र जारी गरिएको ठेगाना प्रमाण (दर्ता गरिएको ठेगाना परिवर्तनको लागि आवेदनको लागि लागू), सहित फारम यस कार्यालयमा पेश गर्नुहोस् (**अनलाइन आवेदनको लागि यहाँ क्लिक गर्नुहोस्**), ताकि यस कार्यालयले तपाईको दर्ता विवरण अद्यावधिक गर्न सकोस् ।

शीर्षमा फेरी जानुहोस् ।

Q9: यस वर्षको सेप्टेम्बरको अन्त्यमा मात्र म 18 वर्षको हुनेछ तर दर्ता गर्ने अन्तिम मिति भने 2 जून रहेको छ । के मैले अहिले नै आफूलाई मतदाताको रूपमा दर्ता गर्न पाउँछु?

A9: हरेक वर्ष 25 सेप्टेम्बर वा सोभन्दा अघि अन्तिम मतदाता नामावली प्रकाशित गरिन्छ । यदि तपाई 25 सेप्टेम्बरमा वा सोभन्दा अघि 18 वर्ष पुग्नुभयो, र तपाई हङकङको स्थायी बासिन्दा हुनुहुन्छ भने, तपाईले आफूलाई मतदाताको रूपमा दर्ता गर्न योग्य हुनु हुनेछ ।
शीर्षमा फेरी जानुहोस् ।

शीर्षमा फेरी जानुहोस् ।

Q10: म निकट भविष्यमा नयाँ फ्ल्याटमा सर्नेछु, के मैले मेरो नयाँ घरको ठेगाना दर्ता तथा निर्वाचन कार्यालयलाई रिपोर्ट गर्नुपर्छ?

A10: तपाईले "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन" (REO-GC) पूरा गरी हस्ताक्षर गर्नुपर्दछ, र घर सरेपछि पछिल्लो तीन महिनामा जारी गरिएको ठेगाना प्रमाण सहितको फारम दर्ता तथा निर्वाचन कार्यालयमा बुझाउनु पर्दछ (**अनलाइन आवेदनको लागि यहाँ क्लिक गर्नुहोस्**) । यदि तपाईले मतदाता दर्ता प्रणालीको वैधानिक समयसीमा (अर्थात् सो वर्षको 2 जून भित्र वा त्यस भन्दा अघि), दर्ता ठेगाना परिवर्तनको लागि आवेदन पेश गर्नुभयो भने, तपाईको नयाँ ठेगाना सोहि वर्षमा प्रकाशित हुने अन्तिम मतदाता नामावलीमा तपाईको नयाँ ठेगाना देखिन सकिन्छ ।

शीर्षमा फेरी जानुहोस् ।

Q11: कस्ता प्रकारका कागजातहरु ठेगाना प्रमाणको रुपमा स्वीकार्य छन् ?

A11: दर्ता तथा निर्वाचन कार्यालयले विगत तीन महिना भित्र (दरखास्त फाराम दर्ता तथा निर्वाचन कार्यालयले प्राप्त गरेको मितिको अधीनमा रही), जारी गरिएका तलका कागजातहरूलाई, जसमा जारी गरेको मिति, जारीकर्ता संस्थाको नाम, आवेदकको नाम र प्रमुख आवासीय ठेगाना (कागजातमा भएको नाम र ठेगाना क्रमशः हङकङ परिचय पत्र र आवेदन फारममा भएको समान हुनुपर्दछ) ठेगाना प्रमाणको रुपमा वैधानिक रूपमा स्वीकार गर्दछ:

1. सार्वजनिक निकायहरूले जारी गरेको बिलहरू वा रसिदहरु (उदाहरणका लागि पानी, बिजुली वा टाउनग्याँस सेवाहरूको युटिलिटी बिलहरू);
2. सरकारी विभागहरू वा न्यायपालिकाबाट पत्राचार;
3. बैंक, बीमा कम्पनी वा अनिवार्य सञ्चय कोष स्वीकृत ट्रस्टीहरूद्वारा (म्यान्डेटोरी प्रभिडेन्ट फण्ड अप्रुभड ट्रस्टी) जारी गरिएको विवरण वा पत्राचार;
4. ल्याण्डलाइन टेलिफोन, मोबाइल फोन, भुक्तान गरिएको टेलिभिजन वा इन्टरनेट सेवाहरूको रसिदहरु;
5. स्थानीय पोस्ट-सेकेन्डरी संस्थाहरू द्वारा जारी गरिएका कागजातहरू वा बिलहरू जसले मतदाताको आवासीय ठेगाना पुष्टि गर्न सक्छ;
6. मान्य र "स्ट्याम्प्ड" (स्ट्याम्प डिउटीको लागि) आवास करारनामा (आवेदन पेश गर्नु अघि 3 महिना भित्र जारी गरिएको मापदण्ड अनिवार्य छैन तर यस्तो करारनामामा आवेदनको मिति समावेश हुनुपर्छ); वा
7. सार्वजनिक संस्थाहरु जस्तै अस्पताल प्राधिकरण, आवास विभाग, हङकङ हाउजिङ सोसाइटी, हङकङ

परीक्षा तथा मूल्यांकन प्राधिकरण, आदि द्वारा जारी गरिएको पत्राचारको प्रमाण, रसिद वा अन्य कागजातहरु।

शीर्षमा फेरी जानुहोस्।

Q12: यदि मैले ठेगाना प्रमाणको लागि मेरो नाम र आवसीय ठेगानाको कागजातहरु उपलब्ध गर्न सकिन भने, कस्ता वैकल्पिक कागजातहरु मैले मान्य ठेगाना प्रमाणको रुपमा पेश गर्न सक्छु?

A12: मतदाताको आफ्नै ठेगाना प्रमाण बाहेक, दर्ता तथा निर्वाचन कार्यालयले तीन महिना भित्र जारी गरेको(दर्ता तथा निर्वाचन कार्यालयले फारम बुझाएको मितिलाई नै प्राप्त मितिको रुपमा स्वीकार गर्नेछ) निम्न कागजातहरुलाई मान्य ठेगाना प्रमाणको रुपमा स्वीकार गर्नेछ जसमा जारी मिति र संस्थाको नाम उल्लेख गरिएको हुन्छ:

- मतदातासँग बसोबास गर्ने व्यक्तिको ठेगाना प्रमाणमा नाम र आवासीय ठेगाना हुनु पर्ने, र मतदाताले सो व्यक्ति मतदातासँगै सोहि ठेगानामा बसेको पुष्टि गर्न मतदाता द्वारा हस्ताक्षर गरेको घोषणापत्र पेश गर्नु पर्ने र पेश गरेको ठेगाना प्रमाणको पूर्ण प्रामाणिक प्रतिलिपि वा सक्कल कागजात हुनुपर्छ। दर्ता तथा निर्वाचन कार्यालय (https://www.reo.gov.hk/en/voter/ap.htm) को वेबसाइटबाट सम्बन्धित घोषणापत्रको नमूना डाउनलोड गर्न सकिन्छ।

- यदि मतदाताले माथि उल्लेखित कागजातहरु उपलब्ध गर्न नसकेमा, दर्ता तथा निर्वाचन कार्यालयले शपथ तथा घोषणा अध्यादेश (क्याप.11) बमोजिम सो ठेगानामा बसोबास गरिएरको दाबी प्रमाणित गर्न कमिन्शनर फर ओथस्/ कार्यरत वकिल/ जस्टिस फर पिस समक्ष गरेको एक वैधानिक घोषणालाई पनि स्वीकार गर्दछ। दर्ता तथा निर्वाचन कार्यालय (https://www.reo.gov.hk/en/voter/ap/sd.html)को वेबसाइटबाट सम्बन्धित वैधानिक घोषणापत्रको नमूना डाउनलोड गर्न सकिन्छ।

शीर्षमा फेरी जानुहोस्।

Q13: यदि मेरो नयाँ घर हाउजिङ डिपार्टमेन्ट अन्तर्गतको सार्वजनिक भाडाको आवासको फ्ल्याट हो वा हङकङ हाउसिङ सोसाइटी अन्तर्गत अनुदानित (स्बसिडाईज) आवास हो भने, के मैले नयाँ मतदाता दर्ता वा ठेगाना परिवर्तनको लागि आवेदन गर्दा ठेगाना प्रमाणको आवश्यकताबाट छुट पाउन सक्छु?

A13: मतदाताहरु/ आवेदकहरु जो आवास विभाग अन्तर्गतको सार्वजनिक भाडाको आवासको आधिकारिक भाडावाल हुनु हुन्छ वा हङकङ हाउसिङ सोसाइटी अन्तर्गत अनुदानित आवासको पंजीकृत भाडावालले नयाँ दर्ता ठेगाना/ मतदाता दर्ता परिर्वतन गर्न आवेदन दिनु हुन्छ र घरको करार पत्रमा भएको ठेगाना आवासीय

ठेगानासँग मिल्छ भने सो व्यक्तिहरुका लागि ठेगाना प्रमाणको आवश्यकतामा छुट हुनसक्छ ।

यद्यपि, बिक्री भएका होम ओनरसीप स्कीम वा सार्वजनिक आवास इकाईहरु (जस्तै:भाँडादार खरीद योजना अन्तर्गतका फ्लाटहरु)मा बसोबास गर्नु हुने  बासिन्दाहरुलाई छुट दिइने छैन र सम्बन्धित मतदाताहरु/ अवेदकहरुले मान्य ठेगाना प्रमाणहरू जुटाउनु पर्ने हुन्छ ।

निर्वाचन दर्ता अधिकारीले उनीहरुको ठेगाना जाँच गर्नका निम्ति सम्बन्धित विभाग/ संस्थासँग डाटा जाँच गर्न नसकेको अवस्थामा, निर्वाचन दर्ता अधिकारीले निर्वाचन मामिला आयोग नियमन (क्याप. 541A)(मतदाता दर्ता) (विधान परिषद् भौगोलिक निर्वाचन क्षेत्र) (जिल्ला परिषद् निर्वाचन क्षेत्र) को धारा 4 र 10A अन्तर्गत उनीहरुलाई नयाँ मतदाता दर्ता वा दर्ता ठेगाना परिवर्तनको लागि आवेदन दिँदा ठेगाना प्रमाण उपलब्ध गराउन अनुरोध गर्न सक्छन् ।

शीर्षमा फेरी जानुहोस् ।

Q14: यदि कसैले मतदाता दर्ता गर्दा झूटो जानकारी दिएको मलाई थाहा भएमा, मैले कसरी सरकारी विभागहरुलाई सूचित गर्न सक्छु?

A14: विद्यमान मतदाता दर्ता व्यवस्था अन्तर्गत, योग्य व्यक्तिहरूलाई मतदाताको रूपमा दर्ता गर्न सहज बनाउनको लागि ईमानदारीपूर्ण पेश्की प्रक्रिया (स्वघोषणा प्रक्रिया) अपनाइएको छ । आवेदकहरूले साँचो र सही जानकारी उपलब्ध गराउनु पर्दछ । यदि कुनै व्यक्तिले शंकास्पद अवस्था फेला पारेमा, तिनीहरूले उपयुक्त रूपमा छानबिनका लागि दर्ता तथा निर्वाचन कार्यालयमा आवेदन दिन सक्छन्, जसको फलस्वरूप कानून प्रवर्तन विभागहरुले यसको आवश्यक खोज तथा अनुसन्धान गर्नेछन् ।  सर्वसाधारणले कानूनको उल्लङ्घन गर्नु हुँदैन ।

शीर्षमा फेरी जानुहोस् ।

प्र15: यदि कसैले दर्ता तथा निर्वाचन कार्यालयमा झूटो आवासीय ठेगाना दिई मत दिएमा, वा नयाँ मतदाता दर्ता आवेदन दिदाँ वा दर्ता ठेगाना परिर्वतन गर्दा झूटो ठेगानाको कागजातहरु पेश गरेमा,र पछि निर्वाचनको समयमा मतदान गरेमा सो व्यक्तिले कुन कानून उल्लंघन गरेको हुनेछ ?

उ15: यदि कुनै व्यक्तिले दर्ता तथा निर्वाचन कार्यालयमा जानेर वा अन्जानवश या लार्पवाहिको कारण झूटो वा भ्रामक जानकारी (जस्तै: गलत आवासीय ठेगाना) सो व्यक्तिले मत हालेको या नहालेको दुवै अवस्थामा सजायको भागेदार हुनेछ । यदि यस पश्चात, सो व्यक्तिले मत हालेमा ऊ/उनीले धारा 16 को अध्यादेश

(भ्रष्टाचार तथा गैरकानुनी आचरण) (क्याप. 554) उल्लंघन गरेको मानिनेछ, जुन भ्रष्टाचार विरुद्ध स्वतन्त्र आयोग (इन्डिपेन्डेन्ट कमिशन अगेन्स्ट करप्शन) मार्फत् लागु गरिएको छ । यसको अधिकतम सजाय $500,000 जरिवाना साथै 7 वर्ष जेल सजाय हुनेछ ।
यस बाहेक, यदि कुनै मतदाताले झुठो ठेगानालाई निर्वाचन दर्ता अधिकारीले मान्य ठेगाना प्रमाणको रुपमा स्वीकार गर्नेछ भनि पेश वा उपलब्ध गरेमा, उसले जालसाजीको अपराध गरेको मानिने छ। अपराध अध्यादेश (क्याप. 200) को धारा 71 बमोजिम, जालसाजीको कसूरमा अभियोग लागेको व्यक्तिलाई 14 वर्ष जेल सजाय हुनेछ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र16: म मेनल्याण्डबाट आएको नयाँ आगन्तुक हुँ। के म आफूलाई मतदाताको रूपमा दर्ता गर्न सक्छु?

उ16: 18 वर्ष वा सो भन्दा बढी उमेर भएका हङ्कङ्का सबै स्थायी बासिन्दाहरू जो साधारणतया हङ्कङ्मै बसोबास गर्छन्, उनीहरूले आफूलाई मतदाताको रूपमा दर्ता गर्न आवेदन दिन पाउँछन् ।
शीर्षमा फेरी जानुहोस् ।

शीर्षमा फेरी जानुहोस् ।

Q17: मतदाता नामावलीमा मेरा अभिलेखहरू सही रूपमा लेखिएको छ भनि मैले कसरी थाहा पाउन सक्छु?

A17: पंजीकृत मतदाताहरुले "iAM Smart", मतदाता दर्ता वेबसाइट ([vr.gov.hk](vr.gov.hk)) मार्फत वा दर्ता र निर्वाचन कार्यालयको हटलाइन 2891 1001 मा कल गरी आफ्नो दर्ता अवस्था र विवरणहरू बुझ्न सक्नुहुन्छ ।

शीर्षमा फेरी जानुहोस् ।

Q18: के मेरो व्यक्तिगत जानकारीको सम्भावित दुरुपयोगलाई रोक्न कुनै सुरक्षित उपायहरू अपनाइएका छन्?

A18: तपाईलाई आश्वस्त गरिन्छ कि, मतदाताद्वारा प्रदान गरिएको जानकारी मतदाता दर्ता र निर्वाचनसँग सम्बन्धित प्रयोजनको लागि मात्र प्रयोग गरिनेछ । त्यस्ता जानकारीको दुरुपयोग हुनेछैन भनेर सुनिश्चित गर्न दर्ता तथा निर्वाचन कार्यालयले सक्दो उपायहरू अपनाएको छ । सान्दर्भिक निर्वाचन नियमावली अनुसार, निर्वाचकहरूको नामावलीहरू निर्दिष्ट व्यक्तिलाई मात्र निरीक्षण गर्न र निर्दिष्ट व्यक्तिहरू द्वारा प्रयोग गर्न अनुरोधको लागि मात्र उपलब्ध गराइनेछ। मतदाता नामावलीमा भएको जानकारी निर्वाचनसँग सम्बन्धित प्रयोजन भन्दा बाहेक अन्य कुनैपनि प्रयोजनको लागि प्रयोग गर्नु प्रासंगिक निर्वाचन कानून अन्तर्गत अपराध हो,

र त्यसैले स्तर 2 को जरिवाना लाग्ने छ र 6 महिना जेल सजाय हुनेछ।

शीर्षमा फेरी जानुहोस्।

Q19: मैले नयाँ मतदाता दर्ता / दर्ता विवरण परिवर्तनको लागि आवेदन पेश गरेको छु। दर्ता तथा निर्वाचन कार्यालयले मेरो आवेदन प्रक्रिया अगाडि बढाएको छ भन्ने बारे मैले कसरी थाहा पाउँनु सक्छु?

A19: दर्ता तथा निर्वाचन कार्यालयले नयाँ मतदाता दर्ता/ दर्ता विवरण परिर्वतनको आवेदन प्रक्रिया सफलतापूर्वक पूरा भएको जानकारी सम्बन्धित आवेदकहरूलाई हुलाक मार्फत लिखित दर्ता सूचनाहरू जारी गर्नेछ। साथै, सम्बन्धित आवेदकहरूलाई लिखित दर्ता सूचनाहरु SMS/ इमेल (यदि मतदाताले सो जानकारी उपलब्ध गरेमा) मार्फत पनि जानकारी सूचित गरिनेछ। आवेदकहरूले "iAM Smart", मतदाता दर्ता वेबसाइट (**vr.gov.hk**) मार्फत वा दर्ता तथा निर्वाचन कार्यालयको हटलाइन 2891 1001 मा कल गरी पनि आफ्नो दर्ता अवस्था र विवरणहरू जाँच गर्न सक्दछन्।

शीर्षमा फेरी जानुहोस्।

प्र20: यदि मसँग मतदाता दर्ता बारे थप जिज्ञासाहरु भएमा, सहयोगको लागि म कुन विभागमा जानुपर्छ?

उ20: सोधपुछको लागि तपाईले दर्ता तथा निर्वाचन कार्यालयको हटलाइन 2891 1001 मा कल गर्न सक्नुहुन्छ वा थप जानकारीको लागि reoenq@reo.gov.hk मा इमेल गर्न सक्नु हुन्छ।
शीर्षमा फेरी जानुहोस्।

शीर्षमा फेरी जानुहोस्।